नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**Profiling of Multidimensional Deprivation among Children in Nepal, 2026**

**प्रदेशस्तरीय नतिजा सार्वजनिक कार्यक्रम**

**(कर्णाली प्रदेश, वीरेन्द्रनगर)**

**२०८३ साल असोज ६ गते मंगलबार**

**प्रेस विज्ञप्ति**

---

राष्ट्रिय तथ्याङ्क कार्यालयले यूनिसेफ नेपालसँगको सहकार्यमा पहिलो पटक तयार गरेको नेपालमा बालबालिकाको बहुआयामिक वञ्चितीकरणसम्बन्धी विश्लेषणात्मक प्रतिवेदन-'**Profiling of Multidimensional Deprivation among Children in Nepal, 2026**' मिति २०८३ साल भाद्र २४ गते बुधबार यस कार्यालयको वेबसाइट **http://www.nsonepal.gov.np** र www.unicef.org/nepal/ मा अपलोड गरी सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ। प्रदेशस्तरीय नतिजा सार्वजनिक गर्ने क्रममा आज कर्णाली प्रदेशको वीरेन्द्रनगरमा यो कार्यक्रम सम्पन्न भएको छ।

यो प्रतिवेदनले नेपालमा बालबालिकाले शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, आवास र सूचना तथा सञ्चार लगायतका आधारभूत आवश्यकता प्राप्ति गर्ने क्रममा भोगिरहेका बहुआयामिक वञ्चितीकरणको अवस्था तथा विगत एक दशकको प्रवृत्ति प्रस्तुत गरेको छ।

नेपाल बहुसूचक सर्वेक्षण (NMICS) २०१४, २०१९ र २०२४–२५ का सूक्ष्म तथ्याङ्क (Micro Data) मा आधारित यस प्रतिवेदनमा बालबालिकालाई विश्लेषणको मुख्य एकाइ मानी उनीहरूले विभिन्न क्षेत्र वा आयाममा भोगिरहेका वञ्चितीकरणको अवस्था र एकै समयमा एकभन्दा बढी क्षेत्रमा भोगिरहेका वञ्चितीकरणको अवस्थाको विश्लेषण गरिएको छ। यसका लागि यूनिसेफले विकास गरेको बाल अधिकारमा आधारित Multiple Overlapping Deprivation Analysis (MODA) विधि प्रयोग गरिएको छ।

बालबालिकाको बहुआयामिक वञ्चितीकरण मापन गर्न बाल अधिकारसम्बन्धी महासन्धि (CRC) का सूचकहरु र Alkire-Foster विधि प्रयोग गरी तीन प्रमुख सूचक निकालिएका छन्।

वञ्चितीकरण दर (H) ले बहुआयामिक वञ्चितीकरणमा परेका बालबालिकाको प्रतिशत देखाएको छ भने वञ्चितीकरणको तीव्रता (A) ले वञ्चित बालबालिकाले औसतमा कति आयाममा वञ्चितीकरण भोगिरहेका छन् भन्ने देखाएको छ। यी दुईलाई आधार मानेर निकालिएको समायोजित वञ्चितीकरण दर/बहुआयामिक वञ्चितीकरण सूचकांक (Mo = H x A) ले बालबालिकाको बहुआयामिक वञ्चितीकरणको समग्र अवस्था मापन गरेको छ। यस सूचकांकले बालबालिकाले सामना गर्न सक्ने सम्भावित सबै वञ्चितीकरणमध्ये कति प्रतिशत वञ्चितीकरण अनुभव गरिरहेकाछन् भन्ने देखाउँछ।

यस अध्ययन विधिबाट बालबालिकाको वञ्चितीकरण मापन गर्दा घरपरिवारको सट्टा बालबालिका स्वयंलाई नै विश्लेषणको एकाइ मानिएकोछ। बालबालिकाका आवश्यकताहरू उमेर-विशिष्ट हुन्छन् र परिवारभित्रै पनि सेवा र स्रोतको वितरण असमान हुन सक्दछ, र घरायसी आम्दानी वा मौद्रिक गरिबी घट्दैमा बालबालिकाले पोषण, खोप, शिक्षा जस्ता आधारभूत सुविधा पाएको सुनिश्चित हुँदैन भन्ने वास्तविकतालाई बाल गरिबी मापन गर्ने यस विधिले आत्मासाथ गरेको छ।

यो प्रतिवेदन तयार गर्दा खानेपानी, सरसफाइ, आवास, पोषण, स्वास्थ्य, शिक्षा, र सूचना तथा सञ्चार गरी सात विषयगत आयाम र यी आयामअन्तर्गतका २० वटा सूचकका सम्बन्धमा अध्ययन तथा विश्लेषण गरिएको छ। यसैगरी, विश्लेषणका क्रममा बालबालिकाको उमेरअनुसार वञ्चितीकरणको अवस्था विश्लेषण गर्न उनीहरूलाई ०–२३ महिना, २४–५९ महिना, ५–९ वर्ष र १०–१७ वर्षका उमेर समूहमा विभाजन गरिएको छ।

<u>**राष्ट्रिय तथा प्रदेशस्तरीय मुख्य नतिजाहरू**</u>

**बहुआयामिक वञ्चितीकरणमा आएको परिवर्तन (NMICS २०१४ देखि २०२४–२५ सम्म)**

- यस विश्लेषणात्मक प्रतिवेदनले नेपालमा विगत एक दशकमा बालबालिकाको आधारभूत सेवाको पहुँचमा उल्लेखनीय सुधार भएको देखाएको छ। असुरक्षित खानेपानी प्रयोग गर्ने बालबालिकाको अनुपात २०१४ मा ७.० प्रतिशत (१०० जनामा करिब ७ जना) रहेकोमा २०२४–२५ मा घटेर १.९ प्रतिशत (१०० जनामा करिब २ जना) पुगेको छ।
- यसैगरी, सरसफाइको सुविधाको पहुँच नभएका बालबालिका ३२.५ प्रतिशत (१०० जनामा करिब ३३ जना) बाट घटेर २०२४–२५ मा ९.० प्रतिशत (१०० जनामा करिब ९ जना) पुगेको छ।
- यसैगरी, कच्ची भुइँ भएका घरमा बस्ने बालबालिकाको अनुपात २०१४ को ७२.५ प्रतिशत (१०० जनामा करिब ७३ जना) बाट घटेर २०२४-२५ मा ४३.७ प्रतिशत (१०० जनामा करिब ४४ जना) भएको छ भने विद्युत सेवाको पहुँच नपाएका

बालबालिकाको अनुपात १८.६ प्रतिशत (१०० जनामा करिब १९ जना) बाट घटेर ३.८ प्रतिशत (१०० जनामा करिब ४ जना) भएको छ।

- ❖ प्रतिवेदनले स्वास्थ्य क्षेत्रमा पनि उल्लेखनीय सुधार भएको देखाएको छ। झाडापखाला हुँदा उपचार नपाउने बालबालिकाको अनुपात २०१४ को ५२.८ प्रतिशत (१०० जनामा करिब ५३ जना) बाट घटेर २०२४–२५ मा ७.९ प्रतिशत (१०० जनामा करिब ८ जना) हुन पुगेको छ।
- ❖ यसैगरी, दक्ष स्वास्थ्यकर्मीको सहयोगबिना जन्मिएका बालबालिकाको अनुपातमा पनि उल्लेखनीय सुधार भएको छ। यस्तो सुबिधाबाट वञ्चित बालबालिकाको अनुपात बिगत एक दशकमा ४३.६ प्रतिशत (१०० जनामा करिब ४४ जना) बाट घटेर ८.८ प्रतिशत (१०० जनामा करिब ९ जना) हुन पुगेको छ।
- ❖ साथै, सबै आवश्यक खोप नपाएका बालबालिकाको अनुपात २०१९ मा २९.८ प्रतिशत (१०० जनामा करिब ३० जना) रहेकोमा २०२४–२५ मा घटेर १०.५ प्रतिशत (१०० जनामा करिब ११ जना) भएको छ।
- ❖ तर नेपालमा बालबालिकाको पोषण अवस्था अझै पनि प्रमुख चुनौतीका रूपमा रहेको पाईएको छ। यस विश्लेषणले पर्याप्त र विविध प्रकारको आहार नपाउने ०-२३ महिनाका शिशु तथा बालबालिकाको अनुपात सन् २०२४-२५ मा ६०.७ प्रतिशत (१०० जनामा करिब ६१ जना) रहेको देखाएको छ।
- ❖ यसैगरी, पुड्कोपन (Stunting) र दुब्लोपन (Wasting) को समस्या देखिएका पाँच वर्षमुनिका बालबालिकाको अनुपात क्रमशः २६.२ प्रतिशत (एक चौथाईभन्दा केही बढी) र ६.६ प्रतिशत (१५ जनामा करिब १ जना) रहेको यो विश्लेषणात्मक प्रतिवेदनले देखाएको छ।
- ❖ रेडियो वा टिभी नभएका घरपरिवारमा बस्ने बालबालिकाको अनुपात २०१४ को ३६.१ प्रतिशत (१०० जनामध्ये करिब ३६ जना) बाट बढेर २०२४-२५ मा ५३.३ प्रतिशत (१०० जनामध्ये करिब ५३ जना) पुगेको छ। यसले सूचना र सञ्चारका लागि रेडियो वा टिभीको सट्टा मोबाइलजस्ता नयाँ डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको देखाउँछ।

**बालबालिकाको बहुआयामिक वञ्चितीकरणको समग्र अवस्था (०-१७ बर्ष)**

- ❖ यो विश्लेषणात्मक प्रतिवेदनले नेपालमा ८०.२ प्रतिशत (१०० जनामा करिब ८० जना) बालबालिका कम्तीमा एउटा आयाममा वञ्चित रहेको देखाएको छ।
- ❖ त्यस्तै, ५१.६ प्रतिशत (करिब आधा) बालबालिका दुई वा दुईभन्दा बढी आयाममा वञ्चित छन्।
- ❖ कर्णाली प्रदेशमा यी अनुपातहरु क्रमशः ९६.२ प्रतिशत (१०० जनामा करिब ९६ जना) र ७२.५ प्रतिशत (१०० जनामा करिब ७३ जना) रहेको यो विश्लेषणले देखाएको छ।

- ❖ तीन वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकालाई बहुआयामिक रूपमा वञ्चित मान्दा २१.४ प्रतिशत (पाँच जनामध्ये करिब एक जना) बालबालिका बहुआयामिक वञ्चितीकरणमा परेका छन्।
- ❖ यी बालबालिका औसतमा करिब आधा (४६.९ प्रतिशत) आयाममा वञ्चितीकरणमा परेका छन्।
- ❖ यसका आधारमा बहुआयामिक वञ्चितीकरण सूचकांक (Mo) ०.१०० हुन आउँछ। अर्थात, सन् २०२४-२५ मा नेपालका बालबालिकाले सामना गर्नसक्ने सम्भावित सबै वञ्चितीकरणहरु मध्ये करिब १० प्रतिशत वञ्चितीकरण अनुभव गरिरहेका छन्।
- ❖ कर्णाली प्रदेशका २९.९ प्रतिशत (१०० जनामध्ये करिब ३० जना) बालबालिका बहुआयामिक रुपमा वञ्चितीकरणमा परेका छन भने राष्ट्रियस्तरमा जस्तै यहाँ पनि करिब आधा (४७.३ प्रतिशत) आयाममा बालबालिकाहरु वञ्चितीकरणमा परेका छन्। यसरी गणना गर्दा यस प्रदेशको बहुआयामिक वञ्चितीकरण सूचकांक (Mo) ०.१४१ हुन आउँछ। यसबाट कर्णाली प्रदेशका बालबालिकाले सामना गर्नसक्ने सम्भावित सबै वञ्चितीकरणहरु मध्ये करिब १४ प्रतिशत वञ्चितीकरण अनुभव गरिरहेको देखिन्छ।
- ❖ यस विश्लेषणात्मक प्रतिवेदनको नतिजाले चार वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अवस्थामा पनि केही सुधार भएको देखाएको छ। यस्तो वञ्चितीकरणमा रहेका बालबालिकाको अनुपात २०१४ मा ५.६ प्रतिशत (१०० जनामा करिब ६ जना) रहेकोमा २०२४-२५ मा घटेर ५.१ प्रतिशत (१०० जनामा करिब ५ जना) भएको देखिन्छ।
- ❖ यो विश्लेषणले कर्णाली प्रदेशमा चार वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात सन् २०२४-२५ मा ७.९ प्रतिशत (१०० जनामा करिब ८ जना) देखाएको छ।

**विभिन्न आयाममा एकैसाथ हुने वञ्चितीकरणसम्बन्धी विश्लेषण (Overlapping Deprivation Analysis)**

- ❖ नेपालमा बालबालिकाले एकैपटक धेरै आयाममा वञ्चितीकरण भोगिरहेको अवस्था हेर्दा पनि केही महत्वपूर्ण परिवर्तन देखिन्छ। स्वास्थ्य, पोषण र सरसफाइ तीनै आयाममा एकैसाथ वञ्चित हुने बालबालिकाको अनुपात २०१४ मा १९.४ प्रतिशत (१०० जनामा करिब १९ जना) रहेकामा २०२४–२५ मा घटेर २.८ प्रतिशत (१०० जनामा करिब ३ जना) भएको छ। यसले यी आधारभूत सेवामा बालबालिकाको पहुँचमा भएको सुधारलाई देखाउँछ।
- ❖ तर, आवास र सूचनाको पहुँच दुवैमा एकैसाथ वञ्चित हुने बालबालिकाको अवस्था भने सुधारोन्मुख देखिँदैन। २०२४–२५ मा यस्तो वञ्चितीकरणमा परेका बालबालिकाको अनुपात ३५.२ प्रतिशत (१०० जनामध्ये करिब ३५ जना) देखिएको छ। यो अनुपात

२०१४ को ३४.० प्रतिशत (१०० जनामा ३४ जना) भन्दा केही बढि र सन् २०१९ को २६.१ प्रतिशत (१०० जनामध्ये करिब २६ जना) भन्दा निकै बढि हो। यसले सूचना प्राप्त गर्ने माध्यम परम्परागतबाट डिजिटल प्रविधितर्फ परिवर्तन भइरहेकाले सबै बालबालिकाको डिजिटल प्रविधिमा समान पहुँच सुनिश्चित गर्न थप ध्यान दिनुपर्ने देखाउँछ।

**सामाजिक, आर्थिक तथा भौगोलिक असमानता**

- ❖ बाल वञ्चितीकरणको अवस्था परिवारको आर्थिक अवस्था, आमाको शिक्षा र बालबालिका बस्ने प्रदेशअनुसार फरक देखिन्छ। नेपालमा सम्पन्नता पञ्चांशको सबैभन्दा विपन्न २० प्रतिशत घरपरिवारमा रहेका बालबालिका, सम्पन्नता पञ्चांशका अन्य समूहका बालबालिकाको तुलनामा बढी वञ्चित रहेका देखिन्छन्। उदाहरणका लागि, सबैभन्दा विपन्न घरपरिवारका ९८.८ प्रतिशत (१०० जनामध्ये करिब ९९ जना) बालबालिका आवाससम्बन्धी वञ्चितीकरणमा परेका छन्, जबकि सबैभन्दा सम्पन्न घरपरिवारका ११.७ प्रतिशत (१०० जनामध्ये करिब १२ जना) बालबालिका मात्र यस्तो वञ्चितीकरणमा परेका छन्।
- ❖ आमाको शिक्षासँग पनि बाल वञ्चितीकरणको स्पष्ट सम्बन्ध रहेको देखिन्छ। निरक्षर आमाका बालबालिकामध्ये २४.१ प्रतिशत (१०० मध्ये करिब २४ जना) बालबालिका स्वास्थ्यसम्बन्धी वञ्चितीकरणमा परेका छन्। यसको तुलनामा, उच्च शिक्षा हासिल गरेका आमाका बालबालिकामा यस्तो वञ्चितीकरणको अनुपात ५.६ प्रतिशत (१०० जनामा करिब ६ जना) मात्र रहेको छ।
- ❖ वञ्चितीकरणका सन्दर्भमा बालक र बालिकाबीच केही अन्तर देखिए पनि लैङ्गिक असमानताको दर निकै कम रहेको देखिन्छ। सरसफाइसम्बन्धी वञ्चितीकरणमा बालक र बालिकाबीच खासै फरक देखिँदैन; यी दुई समूहको यस आयाममा वञ्चितीकरण अनुपात क्रमशः २२.७ प्रतिशत (१०० जनामध्ये करिब २३ जना) र २३.६ प्रतिशत (१०० जनामध्ये करिब २४ जना) रहेको देखिन्छ। यसले बाल वञ्चितीकरणमा लैङ्गिक भिन्नताभन्दा आर्थिक, भौगोलिक र शैक्षिक असमानता बढी महत्वपूर्ण कारक रहेको देखाउँछ।
- ❖ यस विश्लेषणले कर्णाली प्रदेशमा पर्याप्त र सुरक्षित खानेपानी सुविधाको पहुँचबाट वञ्चित बालबालिकाको अनुपात ७.३ प्रतिशत (१०० जनामा करिब ७) र पर्याप्त तथा उपयुक्त सरसफाइ सुविधाको पहुँचबाट वञ्चित बालबालिकाको अनुपात २५.४ प्रतिशत (१०० जनामा करिब २५ जना) रहेको देखाएको छ।
- ❖ यसैगरी, यस प्रदेशका ८७.६ प्रतिशत (१०० जनामध्ये करिब ८८ जना) बालबालिका सुरक्षित र पर्याप्त आवासीय सुविधाबाट र ५६.८ प्रतिशत (१०० जनामध्ये करिब ५७

जना) सूचना तथा सञ्चारका साधनसम्मको पहुँचबाट वञ्चित रहेको यो विश्लेषणात्मक प्रतिवेनले उजागर गरेको छ।

- ❖ यो प्रदेशको शिक्षा, स्वास्थ्य र पोषण आयामको बाल वञ्चितीकरण अनुपात भने क्रमशः १३.३, १४.९ र ५३.६ प्रतिशत (१०० जनामा क्रमशः करिब १३, १५ र ५४ जना) रहेको यो विश्लेषणात्मक प्रतिवेदनले औंल्याएको छ।

**बाल संरक्षण र कल्याणका क्षेत्रमा वञ्चितीकरणको अवस्था**

- ❖ नेपालमा जन्म दर्ता भएका र नभएका बालबालिकाबीच पनि शिक्षा क्षेत्रमा वञ्चितीकरणको अवस्था फरक देखिन्छ। जन्म दर्ता नभएका बालबालिकामध्ये २१.९ प्रतिशत (१० जनामा करिब २ जना) बालबालिका शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित रहेको देखिन्छ। जन्म दर्ता भएका बालबालिकामा भने यस्तो अनुपात १०.८ प्रतिशत (१० जनामध्ये करिब १ जना) रहेको छ। अर्थात्, जन्म दर्ता नभएका बालबालिकामा शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुने अवस्था जन्म दर्ता भएका बालबालिकाभन्दा करिब दोब्बर रहेको देखिन्छ।
- ❖ आर्थिक रुपमा सक्रिय (बालश्रममा संलग्न) बालबालिकामा पनि आवास र सूचनासम्बन्धी वञ्चितीकरण बढी देखिन्छ। आर्थिक रुपमा सक्रिय ७०.२ प्रतिशत (१०० जनामध्ये करिब ७० जना) बालबालिका आवास र ५८.१ प्रतिशत (१०० जनामा करिब ५८ जना) सूचना तथा सञ्चारको पहुँचबाट वञ्चित रहेका छन्। यो अवस्था आर्थिक रुपमा सक्रिय (बालश्रममा संलग्न) नरहेका बालबालिकाको तुलनामा उल्लेखनीय रूपमा बढी रहेको देखिन्छ।

**नीतिगत सन्देश**

- ❖ अध्ययनले नेपालमा बालबालिकाको समग्र अवस्था सुधार हुँदै गए पनि गरिबी, बसोबास क्षेत्रगत अवस्था, आमाको शिक्षा तथा प्रदेशगत असमानताका कारण केही समूह अझै पछाडि रहेको देखाएको छ। त्यसैले अबको नीति तथा कार्यक्रमले राष्ट्रिय औसत सुधारमा मात्र नभई सबैभन्दा बढी वञ्चित बालबालिका रहेका समूह र क्षेत्रलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।
- ❖ विशेषगरी अति विपन्न परिवार, कर्णाली तथा मधेश प्रदेश, प्रारम्भिक बाल्यावस्था र पोषणका क्षेत्रमा लक्षित लगानी बढाउन आवश्यक देखिन्छ। स्वास्थ्य, शिक्षा, पोषण, खानेपानी तथा सरसफाइ र बाल संरक्षणका कार्यक्रमलाई एकीकृत रूपमा कार्यान्वयन गर्दै स्थानीय तहसम्म बालबालिकाका लागि आवश्यक सेवा र सुबिधा सहज र प्रभावकारी रूपमा पुऱ्याउन आवश्यक देखिन्छ।

- यसैगरी, मातृ शिक्षा, बाल अनुदान तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई बाल वञ्चितीकरण न्यूनीकरणसँग जोड्दै लैजानु आवश्यक देखिन्छ। बालबालिकाको अवस्था र आवश्यकताअनुसार नियमित रूपमा खण्डीकृत तथ्याङ्क उत्पादन र प्रयोग गर्न सकेमा प्रदेश तथा स्थानीय तहसम्म तथ्यमा आधारित नीति निर्माण र स्रोत विनियोजनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेछ।
- यो प्रतिवेदनले बालबालिकाको अवस्था केवल आर्थिक हैसियतबाट मात्र नभई उनीहरूले शिक्षा, स्वास्थ्य, पोषण, आवास, खानेपानी, सरसफाइ र सूचना तथा सञ्चारमा पाएको वास्तविक पहुँचका आधारमा बुझ्नुपर्ने तथ्यलाई स्पष्ट पारेको छ।
- यस विश्लेषणात्मक अध्ययनको निष्कर्षले बालबालिकासँग सम्बन्धित दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा भएको प्रगति मापन गर्न महत्वपूर्ण आधार प्रदान गर्नुका साथै 'कसैलाई पनि विकास र अवसरबाट वञ्चित हुन नदिने' (Live No One Behind) राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न तथ्यमा आधारित नीति निर्माणका लागि समेत महत्वपूर्ण आधार प्रदान गर्नेछ।

**सम्पर्क:**

श्री ढुण्डीराज लामिछाने

प्रवक्ता/ उपप्रमुख तथ्याङ्क अधिकारी

९८४१४१४३१२

**थप जानकारीका लागि**

राष्ट्रिय तथ्याङ्क कार्यालय

सामजिक तथा लैङ्गिक तथ्याङ्क शाखा, थापाथली, काठमाडौं

फोन नं. ०१-५३४५९४७, ५३२९४०६

९८५११७२६२६ , ९८४१३४४६२४

http://www.nsonepal.gov.np